**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीमा डिजिटलाइजेसन, संरक्षण र पाण्डुलिपिहरूमा सार्वजनिक पहुँचलाई तीव्र पार्ने समर्पित डिजिटल प्लेटफर्म ज्ञान भारतम पोर्टलको पनि शुभारम्भ गर्नुहुनेछ।

२. लोकसभा अध्यक्ष ओम बिरलाले राजनीतिक दलहरू र निर्वाचित प्रतिनिधिहरूलाई संसदलाई अर्थपूर्ण बहस, छलफल र संवादको मञ्च बनाउन आह्वान गर्नुभएको छ।

३. नयाँ दिल्लीका लागि अमेरिकी राजदूत नियुक्त सर्जियो गोरले भारत र अमेरिकाबीचको सम्बन्ध विश्वकै सबैभन्दा महत्त्वपूर्णमध्ये एक भएको बताउनु भएको छ।

४. सिक्किमको ग्यालशिङ जिल्लाको रिम्बिक गाउँमा हिजो राति पैह्रोमा परी कम्तीमा ४ जनाको मृत्यु भएको छ।

५. टेनिसमा सुमित नागलले आज बिएलको स्विस टेनिस एरिनामा हुने डेभिस कप विश्व समूह खेलमा स्विट्जरल्याण्ड विरुद्ध भारतीय चुनौतीको नेतृत्व गर्नेछन्।

६.

**प्रधानमन्त्री-ज्ञान भारतम**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीमा ज्ञान भारतम अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिनुहुनेछ। उहाँले डिजिटलाइजेसन, संरक्षण र पाण्डुलिपिहरूमा सार्वजनिक पहुँचलाई तीव्र पार्ने समर्पित डिजिटल प्लेटफर्म ज्ञान भारतम पोर्टलको पनि शुभारम्भ गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्रीले जनसमूहलाई पनि सम्बोधन गर्नुहुनेछ।

तीन दिने सम्मेलन हिजो "पाण्डुलिपि सम्पदामार्फत भारतको ज्ञान सम्पदा पुन: प्राप्त गर्नु" भन्ने विषयवस्तुमा सुरु भएको थियो। सम्मेलनले भारतको अद्वितीय पाण्डुलिपि सम्पत्तिलाई पुनर्जीवित गर्ने र यसलाई विश्वव्यापी ज्ञान संवादको केन्द्रमा राख्ने उपायहरूमा छलफल गर्न अग्रणी विद्वानहरू, संरक्षणवादीहरू, प्राविधिकहरू र नीति विज्ञहरूलाई एकसाथ ल्याएको छ। यसमा दुर्लभ पाण्डुलिपिहरूको प्रदर्शनी र पाण्डुलिपि संरक्षण, डिजिटलाइजेसन प्रविधिहरू, मेटाडेटा मापदण्डहरू र प्राचीन लिपिहरूको व्याख्या जस्ता प्रमुख क्षेत्रहरूमा विद्वानहरूद्वारा प्रस्तुतीकरणहरू पनि समावेश छन्।

**प्रधानमन्त्री - मौरिससका प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, शहरको सांस्कृतिक महत्व र भारत र मौरिससबीचको बलियो सांस्कृतिक सम्बन्धका कारण मौरिससका प्रधानमन्त्री डा. नवीनचन्द्र रामगुलामको काशी भ्रमण अझ विशेष भएको छ। सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, उहाँहरूले पारस्परिक सहयोगका सबै पक्षहरूको समीक्षा गरे र क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा छलफल गरे। प्रधानमन्त्रीले भन्नु भयो, उहाँहरू पूर्वाधार, स्वास्थ्य सेवा, डिजिटल प्रविधि, ऊर्जा, समुद्री सुरक्षा आदि जस्ता क्षेत्रहरूमा सहयोगलाई अझ गहिरो बनाउन पनि सहमत भए।

**कर्नाटक-ओम बिरला**

लोकसभा अध्यक्ष ओम बिरलाले राजनीतिक दलहरू र निर्वाचित प्रतिनिधिहरूलाई संसदलाई अर्थपूर्ण बहस, छलफल र संवादको मञ्च बनाउन आह्वान गर्नुभएको छ जहाँ राष्ट्रिय महत्व र जनहितका मुद्दाहरू उठाउन सकिन्छ। बेंगलुरुमा ११ औं

राष्ट्रमंडल संसदीय संघ भारत क्षेत्र सम्मेलनको उद्घाटन समारोहमा बोल्नु हुँदै श्री बिरलाले राजनीतिक सम्बद्धताको पर्वाह नगरी जनप्रतिनिधिको रूपमा छलफलमा भाग लिन सांसदहरूलाई आग्रह गर्नुभयो। उहाँले सदनमा कार्यवाहीको स्तर घट्दै गएकोमा निराशा व्यक्त गर्नुभयो। जानी-जानी र सुनियोजित तरिकाले कार्यवाहीमा बाधा पुऱ्याउने प्रयासहरूप्रति चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो, निर्वाचित सदस्यको गरिमा सदनमा उनीहरूको बहस र छलफलको स्तरबाट मूल्याङ्कन गरिन्छ। उहाँले व्यवस्थापिकालाई अझ पारदर्शी र जवाफदेही बनाउन प्रयास भइरहेको बताउनुभयो। श्री बिरलाले संसद सदन र राज्य विधान सभाहरूमा हुने छलफल डिजिटल संसद अनलाइन प्लेटफर्ममा अपलोड गरिने बताउनु भयो।

**बाइट**

कर्नाटकका मुख्यमन्त्री सिद्धरामय्या, उप मुख्यमन्त्री डी.के. शिवकुमार, कर्नाटक विधानसभा अध्यक्ष यू.टी. खादर र विधान परिषद्का अध्यक्ष बसवराज होराट्टी लगायत अन्य विशिष्ट व्यक्तिहरू यस अवसरमा उपस्थित थिए।

**नौसेना-आईएनएस अरावली**

नौसेना आज गुरुग्राममा आफ्नो जहाजमा आईएनएस अरावली समावेश गर्दैछ। यो देशको समुद्री सिमानाको रक्षा गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो। रक्षा मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, अरावली पर्वत शृङ्खलाको नामबाट नामकरण गरिएको आईएनएस अरावली नौसेनाको सूचना र सञ्चार प्रणालीलाई बलियो बनाउन डिजाइन गरिएको हो। यसले नियन्त्रण र समुद्री सुरक्षाको क्षेत्रमा सूचना र सञ्चार केन्द्रहरूलाई सहयोग गर्नेछ। समारोहको अध्यक्षता नौसेना प्रमुख एडमिरल दिनेश के. त्रिपाठीले गर्नु हुनेछ।

**सर्जियो गोर - भारत**

नयाँ दिल्लीका लागि अमेरिकी राजदूत नियुक्त सर्जियो गोरले भारत र अमेरिकाबीचको सम्बन्ध विश्वकै सबैभन्दा महत्त्वपूर्णमध्ये एक भएको बताउनु भएको छ। सिनेटमा नियुक्तिको क्रममा गोरले भारतलाई रणनीतिक साझेदारको रूपमा वर्णन गर्नु भयो। उहाँले भन्नु भयो, भारतको भौगोलिक स्थान, आर्थिक वृद्धि र सैन्य क्षमताहरू साझा सुरक्षा हितहरूलाई अगाडि बढाउन महत्त्वपूर्ण छन्। श्री गोरले भन्नु भयो, उनी भारतसँग रक्षा र सुरक्षा सहयोगलाई गहिरो बनाउन प्राथमिकता दिनेछन्। उहाँले भन्नु भयो, यसमा संयुक्त सैन्य अभ्यास विस्तार गर्ने, रक्षा प्रणालीको विकास र सह-उत्पादनलाई प्रवर्द्धन गर्ने र महत्त्वपूर्ण रक्षा सम्झौताहरू सम्पन्न गर्ने समावेश छ। उहाँले भन्नु भयो, भारतको १४० करोड जनसंख्या र भारतको द्रुत गतिमा बढ्दो मध्यमवर्गले आर्टिफिशियल इंटेलिजेंसदेखि औषधिसम्मका प्रमुख क्षेत्रहरूमा अमेरिकालाई धेरै अवसरहरू प्रदान गर्दछ।

**बाइट**

गोरको मनोनयनलाई स्वागत गर्दै, अमेरिकाका लागि भारतीय राजदूत विनय क्वात्राले भन्नु भयो, राष्ट्रपति ट्रम्पले आफ्ना सबैभन्दा विश्वसनीय सहयोगीहरूमध्ये एकलाई भारतमा अर्को राजदूतको रूपमा पठाउँदै हुनुहुन्छ। २२ अगस्टमा राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना नजिकका सहयोगी सर्जियो गोरलाई भारतका लागि देशको अर्को राजदूतको रूपमा घोषणा गर्नु भयो।

**चुनाव  आयोग-कार्यशाला**

चुनाव आयोगले आज सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकृत कार्यालयका मिडिया र सञ्चार अधिकारीहरूका लागि एक दिने कार्यशाला आयोजना गर्नेछ। कार्यशालाको उद्देश्य देशमा चुनाव संविधान अनुसार सम्पन्न हुन्छ र समयमै समन्वयात्मक रूपमा कानुनी, तथ्यपरक र नियममा आधारित जानकारी सञ्चार गर्ने महत्त्वलाई प्रकाश पार्नु हो। प्रमुख चुनाव आयुक्त ज्ञानेश कुमारले चुनाव आयुक्त डा. सुखबीर सिंह सन्धु र डा. विवेक जोशीको उपस्थितिमा कार्यशालाको उद्घाटन गर्नु हुनेछ।चुनाव आयोगले भनेको छ, चुनाव प्रक्रियाहरूको सम्बन्धमा जनतालाई भ्रमित गर्ने गलत सूचनामा हालै भएको वृद्धिलाई ध्यानमा राख्दै, कार्यशालाले तथ्यमा आधारित प्रतिक्रियाहरूद्वारा गलत सूचनाको प्रतिरोध गर्न राज्य र केन्द्र शासित प्रदेशहरूमा रहेका सीईओ कार्यालयहरूको सञ्चार संयन्त्रलाई बलियो बनाउने लक्ष्य राखेको छ।

**सिक्किम पैह्रो**

सिक्किमको ग्यालशिङ जिल्लाको रिम्बिक गाउँमा हिजो राति पैह्रोमा परी कम्तीमा ४ जनाको मृत्यु भएको छ। आधिकारिक स्रोतहरूले बताए अनुसार घटनामा १ जना बेपत्ता भएको बताइएको छ भने अर्का एकजना घाइते भएका छन्। मृत्यु हुनेमा ३ जना एकै परिवारका थिए। पुलिस र अन्य निकायहरूद्वारा उद्धार कार्य जारी छ। वर्षाका कारण हिजो राति घटना भएको बताइएको छ।

**उत्तर सिक्किम-पर्यटन**

उत्तरी सिक्किमको मंगन जिल्लामा पर्यटन गतिविधिहरू पुनः सुरु भएका छन्। जुन महिनामा आएको बाढी र पैह्रोपछि जिल्लामा पर्यटन बन्द गरिएको थियो। पर्यटन विभागका अतिरिक्त मुख्य सचिव सी.एस. रावले पर्यटकहरूले मंगन जिल्लाको लाचुङ, युमथाङ भेल्ली र जिरोको भ्रमण गर्न सक्ने तर लाचेनमा पर्यटन अर्को वर्ष जनवरीमा पुनः सुरु हुने बताउनु भएको छ। श्री रावले सिक्किम पर्यटकहरूलाई स्वागत गर्न तयार रहेको बताउनु भयो। उहाँले उत्तर सिक्किममा पैह्रो जाने सम्भावना भएका सडकहरू पहिचान गरी मर्मत गरिएको बताउनु भयो।

**टेनिस-डेभिस कप**

टेनिसमा सुमित नागलले आज बिएलको स्विस टेनिस एरिनामा हुने डेभिस कप विश्व समूह खेलमा स्विट्जरल्याण्ड विरुद्ध भारतीय चुनौतीको नेतृत्व गर्नेछन्। विश्वमा २९० औं स्थानमा रहेका सुमित नागलसँगै भारतीय टोलीमा आर्यन शाह र दक्षिणेश्वर सुरेश पनि छन्। एन श्रीराम बालाजी र ऋत्विक चौधरी बोलिपल्लीले डबल्स खेलमा भारतको चुनौतीको नेतृत्व गर्नेछन् भने रोहित राजपाल टोलीका गैर-खेल्ने कप्तान हुन्। स्विट्जरल्याण्डको टोलीमा विश्व नम्बर १५५ जेरोम किम, मार्क एन्ड्रिया हास्लर र डोमिनिक स्ट्रिकर एकलमा छन्। ज्याकब पल र हेनरी बर्नेट डबल्समा समावेश छन्।भारत र स्विट्जरल्याण्ड बीचको खेलको विजेता २०२६ को छनोटको पहिलो चरणमा पुग्नेछ भने हार्ने टोलीले २०२६ को विश्व समूह प्ले-अफ खेल्नुपर्नेछ। भारतीय टोलीले अहिलेसम्म डेभिस कप जितेको छैन तर टोली १९६६, १९७४ र १९८७ मा तीन पटक उप विजेता बनेको छ।

**फिडे ग्रैंड स्विस**

विश्व च्याम्पियन डी. गुकेशले हिजो उज्बेकिस्तानको समरकन्दमा भएको फिडे ग्रान्ड स्विसको सातौं चरणमा टर्किएका १६ वर्षीय एडिज गुरेलसँग हारेका छन्। अब उनको सात म्याचबाट तीन अंक छ र प्रतियोगितामा रहन उनले आफ्ना सबै खेल जित्नुपर्नेछ। यसैबीच, भारतीय ग्रान्डमास्टर निहाल सरिनले इरानका परम मग्सुडलूमाथि रोमाञ्चक जित हासिल गरेपछि अग्रता लिएका छन्। उनीसँगै जर्मन ग्रान्डमास्टर माथियास ब्लुबम पनि छन्, जसले अर्जुन एरिगाइसीलाई पराजित गरे। आर. प्रज्ञनानन्धाले इजरायलका म्याक्सिम रोडस्टेनलाई हराउँदै ४.५ अंक हासिल गरे र एरिगाइसी र प्रणव वेंकटेश लगायत १० अन्य खेलाडीहरूसँग सामेल भएमहिला वर्गमा, वैशाली रमेशबाबुले चीनकी गुओ क्वेलाई पराजित गर्दै प्रतियोगितामा आफ्नो पाँचौं जित दर्ता गरिन्। ग्रान्डमास्टर दिव्या देशमुखले पनि जितिन्।

**क्रिकेट-एसिया कप**

एसिया कप क्रिकेटमा हिजो बंगलादेशले हङकङलाई सात विकेटले पराजित गर्‍यो। युएईको शेख जायद क्रिकेट स्टेडियममा जितका लागि १४४ रनको लक्ष्य पछ्याउँदै बंगलादेशले १४ बल बाँकी रहँदा सजिलै खेल जित्यो। टी-२० खेलमा हङकङमाथि बंगलादेशको यो पहिलो जित हो। यसअघि हङकङले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १४३ रन बनाएको थियो। बंगलादेशका कप्तान लिटन दासले ५९ रनको शानदार इनिङ खेलेका थिए भने तस्किन अहमद, तन्जिम हसन सकिब र रिशाद हुसेनले २-२ विकेट लिएका थिए। हङकङका लागि निजाकत खानले ४२ रन बनाए भने अतिक इकबालले २ विकेट लिए। लिटन दास प्लेयर अफ द म्याच चुनिए।

****** ० ******